# बागमती प्रदेश सरकार
## उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
# उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

हेटौंडा, नेपाल

पत्र सङ्ख्याः २०८२/८३
चलानी नम्बरः २१५

मितिः- २०८२।१०।१४

श्री उद्योग तथा वाणिज्य कार्यालय,
ललितपुर र सिन्धुली ।

विषयः- सूचना र कार्यविधि पठाइएको सम्बन्धमा।

यस निर्देशनालयको आर्थिक वर्ष २०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत " **स्थिर पुंजी बाहेक बीस लाखसम्म लगानीमा सञ्चालित लघु उद्यमी, हस्तकला एवम् उत्पादनमूलक उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) विद्युत महशुलमा सहुलियतका लागि आवेदन आवह्वान सम्बन्धी सूचना** " र उक्त कार्यक्रमको स्वीकृत कार्यविधि यसै साथ संलग्न गरि आवश्यक समन्वय र सहयोगका लागि पठाइएको बेहोरा अनुरोध छ।

१०/१४

.........................
पुष्करचन्द्र घिमिरे
निर्देशक

बागमती प्रदेश सरकार
उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालय
**उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय,**
हेटौडा, मकवानपुर।

स्थिर पुंजी बाहेक बीस लाखसम्म लगानीमा सञ्चालित लघु उद्यमी, हस्तकला एवम् उत्पादनमूलक उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) विद्युत महशुलमा सहुलियतका लागि आवेदन आवह्वान सम्बन्धी सूचना।

**(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२।१०।१४)**

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको आ.व. २०८२/०८३ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत स्थिर पुंजी बाहेक बीस लाखसम्म लगानीमा सञ्चालित लघु उद्यमी, हस्तकला एवम् उत्पादनमूलक उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) विद्युत महशुलमा सहुलियत वितरण कार्यक्रमको लागि स्थित पुंजी बाहेक बीस लाखसम्म लगानीमा सञ्चालित लघु उद्यमी, हस्तकला एवं उत्पादनमूलक उद्योगहरुलाई (डेडिकेटेड र फिडर बाहेक) विद्युत महशुलमा ५० प्रतिशतमा सहुलियत कार्यविधि, २०८२ को दफा १२ बमोजिम मापदण्ड पुरा गरेका यस कार्यक्रममा सहभागी हुन इच्छुक उद्यमीले यो सूचना प्रकाशित भएको मितिले तीस दिनभित्र कार्यालय समयभित्र आईपुग्ने गरी तपसिल बमोजिमका कागजात सहित सम्बन्धित जिल्ला स्थित उद्योग तथा वाणिज्य कार्यालयमा अनुसूची-२ बमोजिमको ढाँचामा आवेदन दर्ता गर्नुहुन आवेदन आब्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्रास हुन आएका आवेदनहरु छनौटका लागि योग्य नहुने बेहोरा समेत जानकारी गराईन्छ।

***उक्त कार्यक्रम बागमती प्रदेशको ललितपुर र सिन्धुली जिल्लामा मात्र लागू हुनेछ।**

तपसिलः

१. अनुसूची-२ अनुसारको आवेदन,
२. सम्वन्धित कार्यालयमा गरेको उद्योग दर्ता प्रमाणपत्र,
३. स्थायी लेखा नम्वर दर्ता प्रमाणपत्र,
४. कर चुक्ता प्रमाण पत्र,
५. उद्योगमा विद्युत प्रयोग गरेको ग्राहक नम्बर सहितको सम्बन्धित स्थानीय निकाय/वडाको सिफारिस पत्र,
६. उद्योगमा प्रयोग हुने विद्युतका लागि आवेदकको नाममा रहेको वा भाडामा सञ्चालन भएको उद्योगको हकमा करार सम्झौता पत्रसहितको विद्युत मिटर जडान प्रमाण,
७. उद्योगको सम्पूर्ण आकृति स्पष्ट रुपमा देखिने गरी खिचिएको फोटो,
८. नेपाली नागरिकताको प्रतिलिपि ।

निर्देशक